व्यास नगरपालिकाको ४१ औं नगर सभामा
प्रस्तावित

# आर्थिक वर्ष २०८१/०८२ को
# नीति तथा कार्यक्रम

व्यास नगरपालिका
दमौली, तनहुँ,
गण्डकी प्रदेश, नेपाल
२०८१ आषाढ १०

**सम्पूर्ण नगर सदस्यज्यूहरु,**

१. २०४८ साल चैत्र ३० गते स्थापना भएको तनहुँ जिल्ला कै पहिलो यस नगरपालिकामा हामीहरु आज एकचालीसौं नगर सभामा छौ । स्थानीय तहको पुनर्संरचना पछिको यो चौधौं नगर सभामा आर्थिक वर्ष २०८१।०८२ का लागि नगरपालिकाले अवलम्बन गर्ने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउँदा गौरवको महशुस गरेका छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका लागि जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । शहिद वेपत्ता तथा घाइते परिवार प्रति उच्च सम्मान प्रकट गर्दै व्यास नगरपालिकाको स्थापना र विकास अभियानमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रज नेतृत्व तथा पूर्व जनप्रतिनिधिज्यूहरुको अमुल्य योगदान प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. आर्थिक वर्ष २०८१।०८२ का लागि व्यास नगरपालिकाले यो नीति तथा कार्यक्रम प्रस्तुत गर्दा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४, विद्यमान राष्ट्रिय १६ औं पञ्चवर्षीय योजना, गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना, नगरपालिकाको एकीकृत विकास योजना (IUDP) र आवधिक योजनाले प्रत्याभूत गरेका स्थानीय नीतिहरु र संयुक्त राष्ट्र संघबाट उद्घोष भएका दिगो विकासका लक्ष्यहरु (SDG) को सिमा भित्र रही **"विविधतायुक्त गाउँशहर, समृद्ध मेरो व्यास नगर"** (Rural Urban Diversity, My Prosperous Vyas Municipality) भन्ने मुल नारालाई सार्थकता दिने गरी तयार गरिएको छ ।

४. यस आ.व. २०८१ जेठ मसान्तसम्म आ.व. २०८०।०८१ का लागि तय भएका योजनाहरुमा उपभोक्ता समिति मार्फत गरिने भनिएका कुल ८५१, ठेक्का मार्फत गरिने ४३ योजनाहरु समेत जम्मा ८९४ योजनाहरुमा सम्पन्न भएका ५९०, सम्झौता भएका २९५, सम्झौता नभएका ९ योजनाहरु रहेका छन् । यसरी हेर्दा कुल ६६ प्रतिशत योजनाहरु सम्पन्न भएका र ३३ प्रतिशत योजनाहरु सम्झौतामा गई काम भइरहेका छन् । कुल रु.१ अरब ६७ करोड ११ लाख २७ हजारको प्रस्तावित बजेटमा २०८१ जेठ मसान्तसम्म जम्मा रु.९३ करोड ९७ लाख ११ हजार ७ सय ४८ खर्च हुन आएको छ । जसमध्ये चालु खर्च रु.६९ करोड ३७ लाख ८२ हजार ३ सय ५९ भएको छ भने पूँजीगत खर्च २४ करोड ५९ लाख २९ हजार ३ सय ८९ भएको छ । गत वर्षका क्रमागत योजनाहरुको दायित्व एवं यस वर्ष संघ, प्रदेश र आन्तरिक आयमा आएको कमीले योजनाहरुको सञ्चालन र भुक्तानीमा केही ढिलाई भएको यस सभामा जानकारी गराउनु आफ्नो कर्तव्य ठान्दछु ।

५. संघीय सरकारको विशेष योजना अन्तर्गत व्यास १० को देवीडाँडा खानेपानी आयोजना, व्यास १३ को कमेरेसाँध खानेपानी आयोजना निर्माण सम्पन्न हुन सकेको छैन भने व्यास- ५ मानहुँमा खानेपानी योजना र व्यास १४ केशवटारमा गजौडी मुलबाट खानेपानी योजना यस वर्ष निर्माणको चरणमा रहेको छ, संघीय सरकारको सहयोगमा व्यास ३ शिव पाञ्चायन मन्दिर क्षेत्रमा व्यासको १०८ फिट मूर्ति निर्माणको लागि पेडेस्टल निर्माण कार्य अन्तिम चरणमा रहेको छ । संघीय सरकारसँगको सहकार्यमा व्यास ११ को खड्गकाली मार्ग विस्तार, व्यास १ र २ जोड्ने करंडकाठ पुल निर्माण कार्य अघि बढिरहेका छ । गण्डकी प्रदेश सरकारसँगको विशेष योजना अन्तर्गत व्यास १० नयाँ वस्ती खानेपानी योजना निर्माणमा रहेको छ भने समपूरक योजनामा व्यास ७ र ८ को कालिका मार्ग स्तरोन्नतिको कार्य सम्पन्न भइसकेको छ । व्यास ११ पोल्याङ्गमा चिस्यान केन्द्र सञ्चालनको तयारी गर्न पूर्वाधार निर्माण गरिएको छ ।

६. व्यास नगरपालिकाको मुख्य भवनमा तला थप, पुराना गा.वि.स. भवनमा रहेको वडा नं.६, १३ र १४ को वडा भवन निर्माण कार्य सम्पन्न भइसकेको छ भने वडा नं.८ को भवन निर्माण कार्य सुरु भएको छ । जग्गा व्यवस्थापन गरी वडा नं.२ र ३ को भवन निर्माण प्रक्रियालाई अगाडि बढाइएको छ । बाँकी सबै वडाका भवनहरु कार्य सञ्चालनका लागि साँगुरा भएकोले थप विस्तारका मागहरु उठिरहेको समेत यहाँ जानकारी गराउँदछु ।

७. व्यास नगरपालिका अन्तर्गत सुरक्षित आप्रवासन कार्यक्रम (सामी), उद्यम विकास कार्यक्रम (मेड्पा) बाट कयौं उद्यमशीलता विकास भइरहेको छ । वैदेशिक रोजगारीबाट फर्किएका उद्यमशील व्यवसायी र १२ कक्षासम्म

उत्तीर्ण शैक्षिक वेरोजगार महिलाहरुलाई सानो अंशमा भनेपनि उद्यमशीलता अनुदान वितरण गरिएको छ । साथै यस वर्ष वडा नं.३ मा कफी (बारिष्टा) बनाउने तालिम, वडा नं.५ मा सिलाई बुनाई, वडा नं.९ मा चुरा पोते, वडा नं.१, ४, ७ र १० लगायतका वडाहरुमा साँस्कृतिक प्रवर्द्धन गर्ने उद्देश्यले मादल बजाउने, वडा नं.११ मा अचार बनाउने जस्ता तालिम तथा सिप विकासका कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

८. संघीय शहरी विकास मन्त्रालयसँग सम्झौता भई विश्व बैंकको सहयोगमा शहरी शासकीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत पराशर मार्ग (घाँसीकुवा-फराकचौर-पोखेलफाँट-माझफाँट-कलेस्ती कुमालगाउँ समता स्कुल) कालोपत्रे निर्माण (१०.५५ कि.मी.) कार्यारम्भ भएको छ । नगर विकास कोषसँगको ऋण सहभागितामा नगरपालिकाको अण्डरग्राउण्ड पार्किङ सहितको बहुउद्देश्यीय भवन, व्यास १० बैरेनीमा जग्गा विकास आयोजना निर्माण चरणमा प्रवेश गरेको छ । मानहुँकोट पर्यटन प्रवर्द्धन एवं जग्गा विकास आयोजना र शिशाघाटमा शहरी विकासका आयोजना अघि बढाउन सहकार्य भइरहेको छ ।

९. खेलकुदका माध्यमद्वारा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ शहिद दिवसको सन्दर्भमा मानहुँ-पुलिमऱ्याङ सातौं खुल्ला अल्ट्रा म्याराथन प्रतियोगिता सम्पन्न भएको छ भने अन्य खेलकुद क्षेत्रको विकासका लागि अन्तर माध्यमिक रनिङ शिल्ड प्रतियोगिता, मेयर कप व्याडमिन्टन प्रतियोगिता लगायत अन्य प्रतियोगिताहरु सम्पन्न गरिएका छन् ।

१०. व्यास नगरपालिकाको भू-उपयोग नीति निर्माण गरी वस्ती विकास लगायतका विविध पक्षमा नगरपालिकाले योजनाबद्ध विकास गर्न भू-उपयोग नीति तयार गर्ने कार्यमा राष्ट्रिय भूकम्प परिषद् (NSET) सँग सहकार्य भइरहेको छ । भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा दर्ता प्रकृयामा वडा नं.१२, १३ र १४ का जग्गाहरुको नापी सम्पन्न गरिएको, सबै वडामा निस्सा वितरण गरिएको छ ।

११. व्यास नगरपालिकाले नगरको फोहोर मैला व्यवस्थापनका स्थायी समाधान निकाल्नका लागि जग्गा खरिद प्रकृया अगाडि बढाइएको छ भने कुहिने फोहोरलाई व्यास १० स्थित गौसंरक्षण केन्द्रमा बिसर्जन गरिएको छ र नकुहिने फोहोर हाल अस्थायी रुपमा मादी भतेरीमा विसर्जन गरिएको छ । व्यास ३ देउराली नगरमा बधस्थल र नगरपालिका कार्यालयसँग जोडिएको मासु पसलहरुलाई व्यवस्थित गर्दै सञ्चालन गरिएको छ ।

१२. व्यास नगरपालिकालाई पारदर्शी, जनउत्तरदायी बनाउन सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिकालाई मनन गरी सञ्चार क्षेत्रको प्रवर्द्धन र विकासका लागि सम्बन्धित क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरी विभिन्न गतिविधिहरु सञ्चालन भइरहेका छन् । स्थानीय पत्रकार महासंघ कै सहयोगमा सार्वजनिक सुनुवाई गरिंदै आएको छ ।

१३. व्यास नगरपालिका अन्तर्गतको न्यायिक समितिमा परेका गतवर्षका विवादहरु र यसवर्ष आएका विवादहरुलाई मेलमिलापका माध्यमबाट समाधान गरिंदै आएको छ ।

१४. व्यास नगरपालिकाले जि.पि.एम. (GPM) र यु.सि.एल.जी. एस्पैक (UCLG ASPAC), लिग अफ हिस्टोरिकल सिटी (League of Historical Cities) लगायतका संस्थासँग आवद्धता गरी व्यास नगरपालिकालाई अन्तरार्ष्ट्रिय क्षेत्रमा परिचित गराउने अभियानलाई निरन्तरता दिइएको छ ।

१५. दिगो शान्ती, सुशासन, विकास र समुन्नति नै व्यास नगरपालिकाको मूल लक्ष्य हो । व्यास नगरपालिकाले नीतिगत, कानुनी र संगठनात्मक पक्षको सवलीकरण मार्फत आफूलाई नगरबासीको सेवामा समर्पित गर्दै परिपक्क बनाउँदै लगेको छ । नगरबासीको आधारभूत आवश्यकता स्वास्थ्य, शिक्षा, खानेपानी जस्ता मौलिक हकका सवालमा व्यास नगरपालिका इमान्दारीपूर्वक कृयाशील रहेको छ ।

**आदरणीय नगर सदस्यज्यूहरु,**

व्यास नगरपालिकाको स्थापनाकालदेखि नगरपालिकाले हासिल गरेका महत्वपूर्ण उपलब्धिहरुको जगमा रही राज्य पुनसंरचना पछि २०७९ मा भएको निर्वाचनमा निर्वाचित हामी जनप्रतिनिधिहरुले विगतका कामको समीक्षा गर्दै नगरपालिका प्रति अत्यधिक नगरवासीको भरोषालाई ध्यानमा राखी कानुनी र श्रोतगत सिमाहरुलाई मध्यनजर

दिई आगामी आ.व.२०८१।०८२ मा व्यास नगरपालिकाले लिने नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**(क) कृषि क्षेत्र :**

१. व्यास नगरपालिकाका नागरिकहरुको मुख्य आम्दानीको श्रोत कृषि नै हो, नगरपालिकाका उर्भर भूमिहरुमा विभिन्न बाली उत्पादन, तरकारी, फलफूल, माछा, मासु, अण्डा, दुध उत्पादन नै यहाँका धेरै नगरबासीहरु अप्रत्यक्ष रोजगारीमा लागेका छन् । तसर्थ कृषि व्यवसाय प्रवर्द्धनलाई पहिलो प्राथमिकतामा राखी कृषि सहकारी, कृषक समूहको व्यवसायिक प्रवर्द्धन र उत्पादनलाई बजारीकरण गर्न नगरपालिका प्रतिवद्ध रहनेछ ।

२. व्यास नगरपालिकाको कृषि क्षेत्रमा आधुनिकीकरण, यान्त्रीकरण र विशिष्टीकरण गर्दै कृषि उत्पादनमा जोड दिने, उत्कृष्ट किसानलाई पुरस्कृत गर्ने, जैविक खेती प्रणालीमा जोड दिने नीति लिइने छ ।

३. स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न, फलफूल, तरकारी वालीहरु, पशुपंक्षी पालन तथा मत्स्य पालनको पञ्जीकरण, अनुसन्धान, प्रवर्द्धनमा सहयोग पुऱ्याइने छ । त्यसका लागि आवश्यक सडक, विद्युत, सिंचाई जस्ता आधारभूत पूर्वाधारको विकास गरिने छ ।

४. व्यवसायिक बाखा पालन, माछा पालन, मौरी पालन, स्थानीय जातको गाइभैंसी, बंगुर र कुखुरा तथा अन्य पशुपंक्षी पालन कार्यमा सहयोग पुऱ्याई पशुपंक्षी बजार प्रवर्द्धन गर्ने कार्य अघि बढाइने छ ।

५. कृषि पेशाको सुरक्षाको प्रत्याभूति दिन कृषि व्यवसायमा आवद्ध व्यवसायिक कृषकहरुलाई बिउ बिजन उपलब्ध गराउने र पशुपंक्षी पालन व्यवसायमा रहेका कृषकहरुलाई उपलब्ध गराउँदै आएको अनुदानमा निरन्तरता दिइनेछ ।

६. व्यास नगरपालिका वडा नं.१० पोखेलफाँटमा रहेको गोवर्धन शर्मा कृषि अनुसन्धान केन्द्रलाई नमूना प्राङ्गारिक खेती प्रणालीको कृषि अध्ययन अनुसन्धान तथा तालिम केन्द्रको रुपमा विकास गर्न संघीय र प्रदेश सरकारसँग सहकार्य गरी नगरपालिका भरिका किसानहरुको व्यवसायिक प्रवर्द्धनमा सहयोग पुऱ्याइने छ ।

७. फलफूल, पुष्प खेती तथा तरकारी नर्सरीको स्थापनामा जोड दिई व्यवसायिक प्रवर्द्धनमा सहयोग पुऱ्याइने छ । जसका लागि विशेष प्रकृतिका फलफूलका विरुवाहरु वितरण गरिने छ ।

८. व्यवसायिक कृषकहरुको तथ्याङ्क लिई किसान परिचय पत्र वितरण गरी विभिन्न संस्थाहरुसँग समन्वय गरी सहुलियत दरमा कृषि ऋण एवं कृषि बिमा गर्ने कार्यमा सहजीकरण गरिने छ ।

९. नगरपालिकाको भौगोलिक अवस्था र पानीको श्रोतको आधारमा उपयुक्त सिंचाई प्रविधिका लागि सिंचाई गुरुयोजना निर्माण गरी लागू गरिने छ । साथै सिंचाईका निम्ती विद्युत आपूर्तिको सहज व्यवस्था मिलाउन संघ र प्रदेश सरकारसँग समन्वय गरी विद्युत महशुल छुट गराउने नीति लिइने छ ।

१०. सहकारी र कृषक समूह मार्फत बिक्री भएका दुध एवं खसिबोका उत्पादनमा अनुदान दिने नीतिलाई निरन्तरता दिई अनुदान बृद्धि गरिने छ ।

११. रैथाने तथा स्थानीय बाली र पशुपंक्षीको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन एवं उपयोग सम्बन्धी कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिने छ ।

१२. जोखिम विश्लेषणका आधारमा जलवायू परिवर्तनको असर न्यूनीकरण गर्न अनुकुलित प्रविधिको अवलम्बन गर्दै उत्थानशील कृषि प्रवर्द्धन गरिने छ । प्राकृतिक प्रकोप, बादर आतंक लगायतबाट क्षति व्यहोरेका कृषकलाई व्यवसाय पुनस्थार्पननाका लागि सहयोग उपलब्ध गराइने छ ।

१३. कृषकलाई कृषि उत्पादनमा प्रोत्साहन गर्न बीमा प्रिमियममा सहुलियत र कृषि कर्जामा सहुलियत ब्याज एवं ब्याज अनुदान कार्यक्रम प्रदेश सरकारसँग समन्वय गरी सहयोग पुऱ्याइने छ ।

१४. पशुको पूर्ण खोप कार्यक्रमलाई प्रदेश सरकारसँगको समन्वयमा सञ्चालन गरिने छ ।

१५. जग्गा चक्लाबन्दी कार्यक्रमलाई प्रदेश सरकारसँगको सहकार्यमा प्रोत्साहित गरिने छ । साथै कृषि क्षेत्रमा भएका बाटाहरुको लगत कट्टा गर्ने कार्यलाई अघि बढाइने छ ।

**(ख) पर्यटन क्षेत्र :**

१६. व्यास नगरपालिकाको दीर्घकालीन योजनामा पर्यटनलाई दोस्रो प्राथमिकतामा राखिएको हुँदा नगर भित्रको धार्मिक, साँस्कृतिक, पर्यापर्यटनलाई महत्वका साथ अघि बढाइने छ । व्यास नगरपालिकाको मौलिक संस्कृति, परम्परा, ऐतिहासिक धार्मिक महत्वका स्थानहरुलाई सम्बर्द्धन संरक्षणको अभियान अघि बढाइने छ ।

१७. व्यास जन्मभूमिमा महर्षि वेदव्यासको १०८ फिट अग्लो मूर्ति निर्माण सम्पन्न गर्न प्रदेश र संघ सरकारसँग सहकार्य गरी अगाडि बढाइने छ ।

१८. ग्रामिण पर्यटन विकासका लागि पद मार्ग निर्माण, स्टोल ट्रेल निर्माण, होमस्टेको क्षमता विकास एवं स्तरीकरण, पाउना घर तथा स्नान घर स्तरीकरण लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१९. पर्यटकीय सेवामूलक पूर्वाधारहरुको विस्तार एवं सुधार कार्यक्रम ल्याइने छ । नगरपालिका भित्रका होटल एवं होमस्टेहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२०. धार्मिक, साँस्कृतिक, प्राकृतिक एवं ऐतिहासिक स्थलहरुको पहिचान गरी पर्यटन क्षेत्रको संरक्षण, सम्बर्द्धनमा जोड दिइने छ । साथै पर्यटकीय पूर्वाधार निर्माण गर्दा पुरातात्विक महत्वका धार्मिक, साँस्कृतिक ऐतिहासिक मठमन्दिर, गुम्बा, चर्च, मस्जिद र गुफा लगायतका मौलिक सँस्कृतिको संरक्षण र प्रवर्द्धन गरिने छ ।

२१. व्यास नगरपालिका भएर बग्ने (करिब १८ कि.मी.) मादी नदीको बहुउद्देश्यीय विकासका लागि व्यास मादी नदी एकीकृत विकास परियोजनाको गुरुयोजना बनिसकेकाले गुरुयोजना अनुसार कार्य गर्न संघ, प्रदेश सरकार र राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय क्षेत्रसँग समन्वय गरिने छ ।

२२. व्यास १० दुम्सीचौरमा पर्यटकीय प्रवर्द्धनका लागि नारेश्वर ताल निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

२३. तनहुँशुर क्षेत्रलाई केन्द्र विन्दुमा राखेर भानु शान्ति निकुञ्जबाट तयार पारिएको **"पर्यटन गुरुयोजना"** अनुसारका कार्यक्रमहरु संघ र प्रदेश सरकारको सहकार्यमा कार्यान्वयनमा निरन्तरता दिइनेछ ।

२४. गण्डकी प्रदेशको सहलगानीमा मुख्यमन्त्री नवप्रवर्तनीय कार्यक्रम अन्तर्गत व्यास १४ रुम्सी गाउँलाई नमूना गाउँको रुपमा विकास कार्यक्रमलाई निरन्तरता दिइने छ । साथै अन्य विभिन्न पर्यटकीय सम्भावना बोकेका गाउँ, वस्ती तथा क्षेत्रहरुमा पर्यटन विकासका कार्यक्रमहरु विस्तार गरिने छ ।

२५. व्यास नगरपालिका भित्रका मौलिक संस्कृतिलाई संरक्षण सम्बर्द्धन गर्न नयाँ पुस्तामा साँस्कृतिक मौलिक परम्परा हस्तान्तरणका गाउँ, विद्यालय स्तरीय विभिन्न प्रशिक्षणका कार्यक्रमहरु अघि बढाइने छ ।

२६. मानहुँकोट, छाब्दी, गलेखामकोट, शहिद कालिका जंगल पार्क, पुलिमराङ, तनहुँसुर लगायत व्यास नगर भित्रका विभिन्न जातिय संग्रहालय मार्फत पर्यटन प्रवर्द्धन गरिने छ ।

**(ग) शिक्षा क्षेत्र :**

२७. व्यास नगरपालिकाले आ.व.२०७४।०७५ मा निर्माण गरेको एकीकृत शहरी विकास योजनाको तेस्रो प्राथमिकतामा रहेको शिक्षा क्षेत्रलाई विश्वसनीय बनाउँदै व्यास नगरलाई शैक्षिक हवको रुपमा विकसित गर्न नगरपालिका प्रतिबद्ध रहने छ ।

२८. व्यास नगरपालिका भित्र बसाई सराईका कारणले कतिपय गाउँमा हिजो गौरवपूर्ण तवरले स्थापित भएका विद्यालयहरुमा विद्यार्थी अभावले विद्यालयहरुलाई निरन्तरता दिन कठिनाई भएको, त्यस्ता विद्यालयहरुको भौतिक संरचनाको सदुपयोग र सिमित विद्यार्थीहरुलाई शिक्षा आर्जन गर्ने नैसर्गिक बाल अधिकारको प्रत्याभूति दिनुपर्ने चुनौतिका बिच नगर भित्रका विद्यालयहरुको समसामयीक सुधारका लागि नगर शिक्षा योजनालाई अध्यावधिक गरी विज्ञहरुको परामर्शमा **"नगर प्रमुख शैक्षिक सुधार योजना"** अघि बढाइने छ ।

२९. व्यास नगर भित्रका सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाई नमूना विद्यालयका असल अभ्यासहरुको अनुभव आदान प्रदानको व्यवस्था मिलाइने छ ।

३०. व्यास नगरपालिकालाई शैक्षिक केन्द्र (HUB) का रुपमा विकास गर्नका लागि नगर शिक्षा योजना निर्माण गरी नगरपालिकामा रहेका क्याम्पस र विद्यालय स्तरका शिक्षालाई थप गुणस्तरीय र विश्वसनीय बनाइने छ ।

३१. सामुदायिक विद्यालयमा कक्षा ५ सम्मका बालबालिकाहरुलाई संघीय सरकार अन्तर्गत खाजाको प्रबन्धलाई प्रभावकारी बनाई स्वास्थ्य बर्धक पोषणयुक्त खाजाको व्यवस्था मिलाइने छ, विद्यालयमा जंकफुडलाई पूर्णतः निषेध गरिने छ र खाजामा स्थानीय उत्पादनलाई बढवा दिइने छ ।

३२. व्यास नगरपालिका भित्रका अनाथ, असहाय, विपन्न, शहिद, बेपत्ता, कोरोनाबाट मृत्यु भएका घर परिवारका बालबालिकाको शिक्षाका लागि व्यास ७ शेषमटारमा रहेको **"व्यास नगर समता विद्यालय"** को क्षमता विकासमा जोड दिइने छ ।

३३. व्यास नगरपालिकामा रहेको विशेष गरी महिला र विपन्न क्षेत्रका विद्यार्थीहरुले अध्ययन गर्ने एक मात्र सामुदायिक क्याम्पस आदिकवि भानुभक्त क्याम्पसको गुणस्तर सुधार एवं विश्वविद्यालय स्थापनाको पूर्वाधार निर्माण, विज्ञान र प्रविधिको अध्ययन व्यवस्थापनका लागि सहयोग पुऱ्याइने छ ।

३४. नगरपालिका भित्रका धार्मिक विद्यालयहरु, मातृ भाषामा शिक्षा प्रदान गर्ने विद्यालयहरु तथा सामुदायिक सिकाई केन्द्रहरु सञ्चालन गर्न सहयोग पुऱ्याइने छ । साथै व्यास नगरपालिका भित्र रहेका विद्यालयहरुमा स्थानीय पाठ्यक्रम र वेदव्यास सम्बन्धी अतिरिक्त पाठ्यक्रम अध्यापन गराउने व्यवस्था मिलाइने छ ।

३५. **"हाम्रो प्रतिभा हाम्रो गौरव"** भन्ने विश्वासका साथ व्यास नगरपालिका भित्रका विभिन्न विधामा नगर क्षेत्र भित्रका विद्यार्थीहरु बीच प्रतिस्पर्धा गराई नगर स्तरीय उत्कृष्ट प्रतिभा छनौट गरी सम्मान एवं पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

३६. बालश्रम मुक्त, बालमैत्री, पोषणमैत्री, वातावरणमैत्री र युवामैत्री व्यास नगरपालिका घोषणा गर्ने कार्यक्रमलाई विशेष अभियानका रुपमा सञ्चालन गरिने छ ।

३७. व्यास नगरपालिकामा स्थायी बसोबास भई उच्च शिक्षा हासिल गरिरहेका विज्ञान प्रविधि एवं प्राविधिक शिक्षा लगायतका विषय अध्ययन गर्ने विपन्न र प्रतिभावान विद्यार्थीहरुलाई अनुसन्धान गर्ने कार्यमा र नगरपालिका भित्रका विद्यालय तथा क्याम्पसमा अध्ययनरत कक्षा ११ र १२ का विपन्न वर्गका छात्रछात्राहरुलाई अध्ययन गर्नका लागि प्रदान गरिने छात्रवृत्ति सहयोगलाई निरन्तरता दिइने छ । यसरी छात्रबृत्ति प्रदान गर्दा दलित र जनजाति वर्गका छात्राहरुलाई प्राथमिकता दिइने छ ।

३८. बालबालिका, युवा, किशोर किशोरीको लागि लागु पदार्थ दुर्व्यसनी मुक्त, अनलाइन सुरक्षा, बाल विवाह, हिंसा मुक्त नगरपालिका बनाउन विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

३९. नतिजा सुधारका लागि सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको विषयगत उपलब्धिका आधारमा शिक्षकको मूल्याङ्कन, प्रोत्साहन तथा पुरस्कार एवं कमजोर नतिजा भएका शिक्षकहरुलाई क्षमता विकासका कार्यक्रम ल्याइने छ । साथै उत्कृष्ट शिक्षक सम्मान कार्यक्रमलाई निरन्तरता दिइने छ ।

४०. व्यास नगरपालिका भित्र कार्यरत जनप्रतिनिधि, कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक र व्यवस्थापन समितिका पदाधिकारी/सदस्यहरुले आफ्ना बालबालिकालाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा भर्ना गरी अध्यापन गर्ने व्यवस्था मिलाइने छ ।

४१. व्यास नगरपालिकालाई **"बालमैत्री नगरपालिका"** घोषणा गर्ने उद्देश्यका साथ कार्यविधि निर्माण भइसकेकोले बालमैत्री नगरपालिका घोषणाका लागि मापदण्ड अनुसारका कार्यहरु अघि बढाइने छ ।

४२. **"ज्ञान नै समृद्धिको आधार"** भन्ने मान्यताका साथ व्यास नगरपालिका भित्र अनुसन्धान सामग्री सहितको विशिष्ट कृतिहरुको संगालो भएको डिजिटल पुस्तकालय (Digital Library) स्थापना गरी उच्च शिक्षा तथा विद्यालय शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई निशुल्क अध्ययन, अनुसन्धानको व्यवस्था मिलाइने छ ।

४३. व्यास नगरपालिका भित्रका सिकाई केन्द्र र बाल विकास शिक्षकहरु, कर्मचारीहरुको सेवा सुविधामा संघ सरकारसँगको सहभागितामा थप सुविधा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

४४. व्यास नगरपालिका भित्रका संस्थागत विद्यालयहरुद्वारा लिइएको शुल्क सम्बन्धमा अध्ययन गरी कानुन बमोजिम नियमन गरिने छ । साथै आधारभूत मापदण्ड निर्माण गरी संस्थागत विद्यालयलाई व्यवस्थित गरिने छ ।

४५. व्यास नगरपालिका भित्र बोलिने भाषिक अध्ययन अनुसन्धान गरी सबै भाषा, संस्कृति, ललितकला, प्राचिन, ऐतिहासिक स्थलहरुको संरक्षण सम्वर्द्धन गर्ने कार्यको व्यवस्थापन मिलाइने छ ।

४६. व्यास नगरपालिका भित्र बसाई सराई र जन्मदर घटेका कारणले कतिपय विद्यालयहरुमा विद्यार्थी संख्या घट्दै गएको अवस्थाको विस्तृत अध्ययन गरी आवश्यकताका आधारमा विद्यालय समायोजन गरी समायोजन हुने विद्यालयका भौतिक संरचनाहरुको वैकल्पिक प्रयोगका लागि स्थानीयसँग सहकार्य गरिने छ ।

४७. व्यास नगरपालिका भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुबाट शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन विषयगत उपलब्धिका आधारमा शिक्षा ऐन, नियमावलीले तोकेको अवधि अनुसार शिक्षक दरबन्दी व्यवस्थापन पद्धतिलाई व्यवस्थित गरिने छ ।

४८. बालबालिकाको नगर, वडा सञ्जाल र सिकाई केन्द्रको जनशक्तिलाई कृयाशील बनाई बालबालिकाका विविध पक्षमा निरन्तर सम्बाद गरी बालमैत्री नगरपालिका बनाउन आवश्यक व्यवस्था मिलाइने छ ।

४९. सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको प्रोत्साहन सुविधा थप गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ । साथै प्रधानाध्यापक छनौट हुँदा पेश गरिएको विकास प्रस्तावको हरेक दुई वर्षमा कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था मिलाइने छ ।

५०. कला, साहित्य आदिको प्रवर्द्धन गर्न गठिन प्रज्ञा सभालाई स्रोत साधन सहित क्रियाशील बनाइने छ ।

५१. स्काउटिङ शिक्षा विकासको आधारभूत तालिम सञ्चालन गर्न एक माध्यमिक विद्यालय एक स्काउट युनिट बनाई आवश्यक सहयोग पुऱ्याइने छ ।

५२. व्यास नगरपालिकाका समायोजन भएका विद्यालयको संरचनाको सदुपयोगका लागि प्राविधिक/सिपमूलक शैशिक कार्यक्रम सञ्चालन गर्न अध्ययन गरिने छ । साथै आगामी वर्ष वडा र नगर बजेटबाट अनिवार्य रुपमा प्रत्येक वडाको सिफारिसमा न्यूनतम १ जना विपन्न एवं जेहन्दार विद्यार्थीलाई व्यास नगरपालिका भित्रकै विद्यालयमा अध्ययन गरेमा पूर्ण छात्रबृत्तिको व्यवस्था गरिने छ ।

**(घ) स्वास्थ्य क्षेत्र :**

५३. व्यास नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुको सेवालाई स्तरीकरण गर्दै हरेक वडामा स्वास्थ्य स्वयंसेविकाहरुको सहयोगमा सरुवा रोग लगायतका संक्रमणबाट नगरवासीलाई सुरक्षित राख्न आवश्यक व्यवस्था मिलाइने छ । आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितताको लागि अत्यावश्यक औषधी, स्वास्थ्य उपकरण तथा सामग्री आपूर्तिको व्यवस्था मिलाइने छ ।

५४. व्यास ११ स्थित बाघेचौरमा तयार गरिएको गुरुयोजना अनुसार शिक्षण अस्पताल स्वीकृतिका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिने छ ।

५५. व्यास नगरपालिका भित्र विपन्न परिवारको तथ्याङ्क लिई जटिल रोग लागेका विपन्न परिवारलाई दिंइदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिई संघ, प्रदेश सरकारसँग सहकार्य गरी अति विपन्न एवं अपाङ्गताहरुको स्वास्थ्य बिमामा सहयोग पुऱ्याइने छ ।

५६. अपाङ्गता क्षेत्रका विशेष गरी मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य क्षेत्रमा सहयोग पुऱ्याइने छ ।

५७. व्यास १० दुम्सी बजार स्थित व्यास नगर कोभिड अस्पताललाई **"व्यास नगर अस्पताल"** नामाकरण गरी गण्डकी प्रदेश सरकार मातहत दमौली बजारमा रहेको दमौली अस्पतालसँग सहकार्य गरी डाइलासिस सेवालाई व्यास नगर अस्पतालमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

५८. गण्डकी प्रदेश सरकारसँग समन्वय गरी दमौली अस्पताललाई न्यूनतम ५० वेडमा स्तरोन्नति गरी प्रसुती सेवा, ट्रमा सेन्टर, आँखा उपचार र डाइलासिस सेवालाई विस्तार एवं विश्वसनीय बनाउन सहकार्य गरिने छ ।

५९. व्यास नगरपालिका भित्रका ७० वर्ष माथिका जेष्ठ नागरिक र सुत्केरी महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइने छ ।

६०. व्यास नगरपालिका भित्रका जेष्ठ नागरिक, महिला, बालबालिकासँग सम्बन्धित आँखा, मुटुरोग, क्यान्सर लगायतका जटिल रोगहरुको नियन्त्रणका लागि राष्ट्रिय अन्तरार्ष्ट्रिय सामाजिक संघ संस्थाहरुसँगको सहकार्यमा निशुल्क स्वास्थ्य शिविर गरिने छ । साथै ज्येष्ठ नागरिकका लागि प्रत्येक वडामा ज्येष्ठ नागरिक मनोरञ्जन केन्द्र (Recration Center) स्थापना गरी निरन्तरता दिइने छ ।

६१. आयुर्वेद चिकित्सा पद्धतिलाई जनमानसमा विस्तार गर्नको लागि **"नगर प्रमुखसँग आयुर्वेद कार्यक्रम"** लाई निरन्तरता दिइने छ ।

६२. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा सम्बन्धित वडाका स्वास्थ्य शाखा र शहरी स्वास्थ्य केन्द्रबाट न्यूनतम मासिक २ पटक प्रारम्भिक स्वास्थ्य परीक्षण सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ । ज्येष्ठ नागरिकको स्वास्थ्य उपचारको लागि सम्बन्धित वडा समितिको निगरानिमा घरदैलो कार्यक्रम सञ्चालन गरिने छ ।

६३. नगरपालिका भित्रका पतञ्जली योग समिति र जीवन विज्ञान योग समितिसँग सहकार्य गरी योग शिक्षालाई विस्तार गरिने छ ।

६४. व्यास नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा आवश्यक सामग्रीको व्यवस्था मिलाई ल्यावको विस्तार गरी घुम्ती शिविरहरुको व्यवस्था मिलाइने छ ।

६५. व्यास नगर भित्रका गर्भवती महिलाहरुको नियमित स्वास्थ्य परीक्षण एवं संस्थागत सुत्केरी सेवालाई प्रोत्साहन भत्ताको व्यवस्थालाई विश्वसनीय बनाई निरन्तरता दिइने छ ।

६६. व्यास नगर भित्रका विपन्न नागरिकहरुलाई गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा स्वास्थ्य बिमा र आर्थिक सहयोगलाई निरन्तरता दिई संघ सरकारको सहयोगमा जटिल रोगका उपचारमा रहेका बिरामीहरुलाई मासिक सहयोगको व्यवस्थालाई नियमिति र विश्वसनीय बनाइने छ ।

६७. विभिन्न स्वास्थ्य समस्यामा परेका नगरबासीको स्वास्थ्य उपचारलाई ध्यानमा राखी निशुल्क थर्मल थेरापी सेवाको विस्तार गरिने छ ।

**(ङ) उद्योग क्षेत्र :**

६८. नेपाल सरकारको सशर्त कार्यक्रम अन्तर्गत यस नगरपालिकामा सञ्चालित मेड्पा, सामी, प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गरी उद्योग पर्यटन, श्रम तथा रोजगार शाखा अन्तर्गत नवप्रवर्तनीय साझेदारी कार्यक्रम मार्फत उद्यमशीलता विकासमा सहयोग पुऱ्याइने छ ।

६९. **"निजी क्षेत्र लगानीमैत्री"** नगरपालिका निर्माण गर्न सार्वजनिक निजी साझेदारिता अवधारणा बमोजिम मानहुँकोट, मादी नदी एकीकृत विकास आयोजना, नारेश्वर ताल निर्माण लगायतका योजनाहरुमा सहकार्य गर्ने कार्यक्रम ल्याइने छ । साथै सार्वजनिक निजी साझेदारी कार्यक्रमका लागि स्थानीय व्यवसायीहरुसँग विस्तृत अन्तरकृया गरी लगानीका लागि आवश्यक कार्य गरिने छ ।

७०. व्यास नगरपालिका भित्र सञ्चालित माटो, ढुंगा कटिङ उद्योग, चुन ढुंगा उद्योग, विभिन्न स्तरका इट्टा उद्योग, ढुंगा र काठजन्य उद्योग लगायतका अन्य उद्योगहरु संघ, प्रदेश र नगरपालिकाको कानुन बमोजिम दर्ता, नियमन र अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

७१. व्यास नगरपालिका भित्र विभिन्न व्यवसायीहरुद्वारा गरिने विज्ञापनलाई विज्ञापन कर ऐन लागू गरी नियमित गर्ने व्यवस्था मिलाइने छ ।

७२. वैदेशिक रोजगारीबाट फर्किएका युवा उद्यमीहरु र नगर भित्रका युवाहरुको व्यवसायिक प्रवर्द्धन एवं स्वरोजगार सृजना गर्न बिना धितो विभिन्न वित्तीय संस्थासँग समन्वय गरी नगरपालिकाको सहभागितामा व्यवसाय सञ्चालन अनुदान एवं सरल ऋण उपलब्ध गराउन सहयोग पुऱ्याइने छ ।

७३. **"आफ्नै गाउँ फर्की आउँ"** भन्ने कार्यक्रम मार्फत विदेशबाट फर्किएर आइ उद्योग व्यवसाय गर्नेलाई शुरुवाती सहयोग कोष (Start up fund) को व्यवस्था गरिने छ ।

**(च) <u>व्यवस्थित बसोबास र भूमि व्यवस्थापन</u> :**

७४. **"कलात्मक र सम्पदामैत्री व्यास नगर"** को अवधारणा अनुसार प्राचिन एवं परम्परागत शैलीका साँस्कृतिक पहिचान झल्कने घर निर्माणमा सहयोग गर्ने कार्यक्रम ल्याइने छ ।

७५. व्यास नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका एकीकृत जग्गा विकास परियोजना एवं निर्देशित जग्गा विकास कार्यक्रमलाई स्थानीयहरुसँगको सहभागिता एवं सहकार्यमा अगाडि बढाइने छ । साथै हाल सुरुवात भैसकेको बैरेनी जग्गा विकास कार्यक्रमको अनुभव मानहुँकोट, शिशाघाट लगायत नगर भित्रका अन्य शहरी विकासका सम्भावना भएका क्षेत्रमा विस्तार गरिने छ ।

७६. नेपाल सरकारको निर्णयानुसार यस नगरपालिकाको कृषिक्षेत्र, गैर कृषिक्षेत्र, जग्गा वर्गीकरण र अन्य वर्गीकरण, जग्गा भूउपयोग अध्ययन प्रतिवेदनका आधारमा पूर्णता दिइने छ । साथै भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन गरिने छ ।

७७. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको बसोबास र जीवन पद्दती व्यवस्थित गर्न संघीय सरकारसँग सहकार्य गर्दै जग्गा दर्ता लालपूर्जा वितरण गर्न सहकार्य गरिने छ ।

७८. मानहुँकोटलाई सार्वजनिक-निजी साझेदारीको अवधारणा मार्फत व्यवस्थित पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने छ । साथै स्थानीय जग्गाधनीहरुको सहकार्यमा मानहुँको वस्ती विकास कार्यक्रम अघि बढाइने छ ।

**(छ) <u>वन, वातावरण तथा विपद् व्यवस्थापन</u> :**

७९. व्यास नगरपालिका भित्र स्रोतमा नै फोहोर मैला वर्गीकरण गरी कुहिने फोहोरबाट बायोग्याँस र प्राङ्गारिक मल उत्पादन गर्ने र नकुहिने फोहोर मैला व्यवस्थापनका लागि जग्गा खरिद प्रकृया अगाडि बढाइएको छ । साथै उक्त स्थानमा सरसफाई केन्द्र स्थापना गरी पुनः प्रयोगमा आउने सामानहरु बिक्री गरी फोहोरलाई मोहोरमा रुपान्तण गरिने छ ।

८०. नगर भित्र प्लाष्टिकको झोला प्रयोगमा प्रतिबन्ध लगाउने कार्यक्रमलाई निरन्तरता दिइने छ । साथै वैकल्पिक व्यवस्थाका लागि नगरवासी र व्यवसायीहरुलाई सचेतनामूलक अभियान सञ्चालन गरिने छ ।

८१. व्यास नगरपालिका भित्रका जंगल तथा निजी, कवुलियती र सामुदायिक वनहरुको वैज्ञानिक व्यवस्थापन एवं उपयोग सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका विभिन्न कार्यक्रमहरुलाई नगरपालिकाको एकीकृत विकास अभियानमा समावेश गरी कार्यक्रम ल्याइने छ ।

८२. नगरपालिका भित्रका विभिन्न स्थानहरुको जैविक विविधता (बायोडाइभरसिटि) को अध्ययन गरी संरक्षणको कार्यक्रम ल्याइने छ ।

८३. व्यास नगरपालिकाका सबै वडाहरुमा रहेका सडकहरुको वर्गीकरण गरी सडक किनारामा हरियाली प्रवर्द्धन गर्नको लागि वृक्षारोपण गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिने छ।

८४. यस नगरपालिका क्षेत्रभित्र परम्परागत रुपमा रहेका चौतारी, पोखरी, कुवा, इनार, धारा, पाटी एवं पौवाहरुको संरक्षण तथा प्रवर्द्धन गरी वातावरणमैत्री नगर बनाइने छ।

८५. जल जंगलको दीर्घकालीन व्यवस्थापनको लागि ऐन निर्माण गरी एकीकृत कार्यक्रम सञ्चालन गरिने छ।

८६. सम्भव भएसम्म नगरका वडाहरुमा **"एक टोल, एक पोखरी"** निर्माण गरिने छ। नगरको केन्द्र दमौली बजारमा सौन्दर्य, वातावरणीय सन्तुलन र विपद् प्रयोजनार्थ पोखरी सहितको बाटिका बनाइने छ।

८७. स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (LEOC) लाई व्यवस्थित गर्दै सबै वडाहरुसम्म यसको सक्रियता बढाइने छ।

८८. व्यास नगरपालिका भित्रका नदी खोलाको मापदण्ड कायम गरी नदी, खोला तथा मुहान संरक्षण र स्वच्छता सम्बन्धी कार्यक्रमहरु ल्याइने छ।

८९. पशुपंक्षी वधस्थलको सञ्चालन एवं व्यवस्थापनमा थप सुधार गरिने छ।

९०. दमौली बजार भित्र रहेको ग्याँस डिपोहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्दै प्रज्वलनशील वस्तुको व्यवसायलाई आवासीय क्षेत्रभन्दा बाहिर व्यवस्थापन गर्ने व्यवस्था मिलाइने छ।

९१. सबै वडाहरुमा रहेका सार्वजनिक संरचनाको संरक्षणका लागि वडा स्तरीय बजेटबाट सफाई र संरक्षणमा निरन्तरता दिइने छ।

९२. शहरी क्षेत्रका चोक र सडकहरुमा सौन्दर्यताको विविध कार्यक्रमलाई अघि बढाइने छ।

९३. वातावरण र जलवायूमैत्री व्यवहार निर्माण गर्न व्यक्ति, घरधुरी, विद्यालय र टोल टोलमा फोहोर मैला व्यवस्थापन, व्यक्तिगत र सार्वजनिक जग्गामा वृक्षारोपण, जैविक पदार्थ (फोहोर, पराल, नल, ढोढ) र प्लाष्टिक डढाउने कार्य पूर्ण रुपमा बन्द गरिने छ। स्थानीय स्तरमा जलवायु परिवर्तनका असर र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दा महिला सहभागिता सुनिश्चित गरिने छ।

९४. सुरक्षित आश्रय स्थल, आकस्मिक उद्दार तथा उपचार सेवा जस्ता विपद् प्रतिकार्यको पूर्व तयारी र कार्यान्वयन गर्दा महिला र संकटासन्न व्यक्तिहरुको सहभागितामा गरिने छ। साथै स्थानीय स्तरमा जलवायु अनुकुलन र जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरी पारदर्शीता र सुशासनका अभ्यासहरुलाई अनुशरण गरिने छ।

९५. प्राकृतिक विपद्का घटनाहरु बढिरहेको सन्दर्भमा विपद् पूर्व तयारी, न्यूनीकरण, व्यवस्थापन र विपद् प्रतिकार्य नगर योजना एवं कार्यक्रमलाई प्रभावकारी ढंगले निर्माण गरी लागू गरिने छ। साथै नगरपालिकामा रहेका दमकल, एम्बुलेन्स लगायतका साधनलाई स्तरीकरण गरी सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने छ।

**(ज) <u>युवा क्षेत्र</u> :**

९६. व्यास नगरपालिका युवा परिषद्लाई पुनसंरचनाका साथ निरन्तरता दिई युवाहरुको सरोकारका विषयमा युवा परिषद्ले सकारात्मक भूमिका निर्वाह गर्न नगरपालिकासँग सहकार्य गर्नेछ।

९७. युवाहरुमा उद्यमशीलता विकास गर्न विभिन्न पेशा व्यवसाय गर्न इच्छुक युवाहरुलाई स्वरोजगारमूलक तालिमहरु सञ्चालन गरी शुरुवाती व्यवसाय कोषको व्यवस्था गरिने छ।

९८. युवाहरुलाई दूर्व्यसनबाट जोगाउन विद्यालय, टोल संस्था र स्थानीय प्रहरी कार्यालयसँग समन्वय गरी चेतनामूलक शिक्षा दिने र पुनर्स्थापनाको लागि **"व्यास नगर, सभ्य समाज"** कार्यक्रम लागू गरिने छ।

९९. वैदेशिक रोजगारीबाट फर्किएका र वेरोजगार युवाहरुको रोजगारीलाई प्रत्याभूत गर्न तालिम तथा विशेष अनुदानको व्यवस्था मिलाइने छ ।

१००. **"बच्चालाई बगान, युवालाई खेलमैदान र ज्येष्ठ नागरिकलाई नाचगान"** अभियान कै रुपमा सञ्चालित गरिने छ । जस अनुसार सबै वडाहरुमा एक वटा Fun Park निर्माण गरिने छ । युवाहरुको लागि **"एक वडा एक खेलमैदान"** अभियानलाई विस्तार गरिने छ ।

१०१. युवाहरुको स्वरोजगारीका लागि विभिन्न वित्तीय संस्थाहरुसँग समन्वय गरी सहुलियत ऋण उपलब्ध गराउन सहयोग पुऱ्याइने छ ।

**(झ) खेलकुद क्षेत्र :**

१०२. खेलकुदको विकासको लागि नगरस्तरीय गुरु योजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

१०३. मानहुँकोट-पुलिमऱ्याङ शहिद पार्क र व्यास गुफा-तनहुँशुरको खुला एवं महिला हाफ म्याराथन प्रतियोगिता मध्ये हरेक वर्ष एकलाई मात्र मितव्ययी ढंगले सञ्चालन गर्ने गरी निरन्तरता दिइने छ ।

१०४. व्यास नगरपालिका भित्रका १८ वर्ष मुनिका बालबालिकाहरुलाई फुटवल लगायतका खेलहरुमा राष्ट्रिय अन्तरार्ष्ट्रिय प्रतिष्पर्धामा जान सक्ने गरी खेलाडी उत्पादन गर्न प्रशिक्षणको व्यवस्था मिलाइने छ ।

१०५. नगरपालिका भित्र खेलिने फुटवल, भलिवल, व्याडमिन्टन, कराँते, टेवल टेनिस विधाका खेलकुद प्रवर्द्धनका लागि नगर स्तरीय खेलकुद समिति मार्फत दीर्घकालीन सोचका साथ विभिन्न क्लब, विद्यालय, क्याम्पस, वडा स्तरका प्रतिष्पर्धाहरु सञ्चालन गरिने छ ।

१०६. अन्तर माध्यमिक विद्यालय राष्ट्रपति रनिङ शिल्ड, मेयर कप नगर स्तरीय खुल्ला फुटवल प्रतियोगिता, उपमेयर कप छात्रा भलिवल प्रतियोगिता, अन्तर वडा भलिवल प्रतियोगिता, मेयर कप खुल्ला व्याड्मिन्टन प्रतियोगिता लगायतका खेलहरुलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।

**(ञ) पूर्वाधार निर्माण :**

१०७. व्यास नगरपालिकालाई खरको छाना मुक्त नगरपालिका बनाउन सुरक्षित आवास कार्यक्रमलाई संघ सरकारसँग निरन्तरता दिइने छ ।

१०८. वडाका निर्वाचित प्रतिनिधिहरुको उत्तरदायित्व बढाउँदै वडावासीहरुसँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्नका लागि सहभागितात्मक योजना तर्जुमा प्रकियाद्वारा सबै वडाका प्रत्येक वस्ती, टोल संस्थाको सहभागिता एवं परामर्शमा समतामूलक विकास आयोजनाहरु छनौट गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१०९. नेपाल सरकारको वर्गीकरण अनुसार वडा नं.१, २, ३, ४ शहरी वडा, वडा नं.५ र १० अर्धशहरी वडा र अन्य वडाहरु ग्रामिण वडामा विभाजन भएको हुँदा विकास आयोजनाहरुको सञ्चालनमा उपभोक्ताहरुको अपनत्व रहने गरी आयोजनाको प्रकृति र लाभान्वित जनसंख्याको आधारमा लागत सहभागिताका योजनामा ग्रामिण वडामा १५ प्रतिशत, अर्धशहरीमा वडामा २० प्रतिशत र शहरी वडामा २५ प्रतिशतसम्म रहने छ । अन्य योजनाहरुमा ग्रामिण वडामा १०, अर्धशहरी वडामा १५ र शहरी वडाहरुमा २० प्रतिशत लागत सहभागिता रहने व्यवस्था गरिएको छ ।

११०. वडाबाट छनौट भई आएका योजना तथा कार्यक्रमहरु मध्ये ठूला प्रकृतिका पूर्वाधार विकासका आयोजनाहरुलाई नगर स्तरीय, प्रदेश स्तरीय र संघीय स्तरीय आयोजनामा समावेश हुने गरी कार्यक्रम ल्याइने छ । महत्वपूर्ण मार्गहरु, खानेपानीका आयोजनाहरु, खेल मैदानहरु, पर्यटकीय प्रवर्द्धनका पार्कहरु, निर्माण हुन बाँकी वडा कार्यालय भवनहरु निर्माण सम्पन्न गर्ने गरी पूर्वाधारका आयोजनाहरु सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ । सबै मौसममा चल्ने सबै वडा कार्यालयहरुसम्मका सडकहरुलाई क्रमशः कालोपत्रे गरिने योजनालाई निरन्तरता दिइने छ ।

१११. बृहद् मादी भ्यालीको विकास परियोजना गण्डकी प्रदेश, संघीय सरकार, राष्ट्रिय तथा अन्तरार्ष्टिय लगानीकर्ताहरुको सहयोगमा अघि बढाइने छ । यसको लागि यस वर्ष लगानी सम्मेलनको आयोजना गरिनेछ ।

११२. नगरपालिकाको एकीकृत विकास योजनाका लागि आगामी वर्ष आवधिक योजना निर्माण गर्ने कार्य सम्पन्न गरिने छ । साथै आवधिक योजनासँग वार्षिक योजनाको तादम्यता राखिने गरी मध्यकालीन खर्च संरचना लागू गरिने छ ।

११३. शहरी क्षेत्रका चोक, सडक पेटी र जिर्ण सडकहरु सडक बोर्ड नेपाल, प्रदेश सरकारको सहयोगमा स्तरीकरण गरिने छ ।

११४. व्यास २ गणेशमान पार्कमा भएको जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको जग्गा कानुनी प्रकृया पुरा गरी पार्क निर्माण अभियान अघि बढाइने छ ।

११५. प्रदेश सरकारसँगको सहकार्यमा नगरका सडकहरुको मापदण्ड अनुसार लगत कट्टा गर्न सम्बन्धित जग्गाधनी र सडक निर्माण उपभोक्ता समितिसँग समन्वय गरिने छ ।

११६. खानेपानी व्यवस्थापन गर्दा लाग्ने विद्युत महशुलमा प्रदेश सरकारसँगको सहभागितामा सहयोग कार्यलाई निरन्तरता दिइने छ ।

११७. नगर भित्र विद्युतीय चुलो र वातावरणमैत्री चुलो विस्तार गर्ने कार्य अघि बढाइने छ ।

११८. दमौली बजारमा जोडिने बुद्धसिं मार्ग, व्यास मार्ग, दमौली केशवटार मार्ग, माहेन्द्री मार्ग, पराशर मार्ग, बागेश्वरी मार्ग, मुक्तिनारायण मार्ग, सिन्धु मार्ग, कालिका मार्ग स्तरीकरण एवं वडा कार्यालय पहुँच मार्गहरुलाई प्राथमिकतामा राखी स्तरीकरण गर्न विशेष जोड दिइने छ ।

११९. व्यास नगरपालिकाको शहरीकरण विस्तारलाई मध्यनजर गरी बसपार्क, बाल उद्यान, व्यवस्थित रङ्गशाला समेतका लागि व्यास ३ स्थित मादी किनारमा रहेको विभिन्न व्यक्तिका निजी स्वामित्वका करिब २०० रोपनी भतेरी जग्गालाई कानुन बमोजिम अधिग्रहण गर्न संघ तथा प्रदेश सरकारसँग पहल गरिने छ ।

१२०. व्यास नगरपालिकाको शहरी क्षेत्रका व्यवसायिक एवं नगरवासीको सुरक्षाका लागि सि.सि. क्यामेरा जडान, मर्मत कार्यमा उद्योग वाणिज्य सघ बजार इकाई र सुरक्षा निकायहरुसँग सहकार्य गरिने छ ।

१२१. मादी, साँगे, बुल्दी, छाब्दी, कलेस्ती, रिस्ती लगायतका नदी खोलाहरुले कटान गरेको वस्ती जग्गाहरुको संरक्षणका लागि संघ एवं प्रदेश सरकारसँग सहकार्य गरी तटबन्धन कार्यलाई निरन्तरता दिइने छ ।

१२२. **"एक घर एक धारा"** को खानेपानी कार्यक्रमलाई संघ, प्रदेश सरकारसँग सहकार्य गरी पूर्णता दिने कार्यमा यस वर्ष पनि निरन्तरता दिइने छ ।

१२३. सबै वडाहरुको आफ्नै कार्यालय भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

१२४. व्यास नगरलाई विकसित शहर हुनको लागि आवश्यक सपिङ कम्प्लेक्स, खुला मैदान, फन पार्क, सौन्दर्य, ताल पोखरी, फराकिला सडक, सुविधा सम्पन्न अस्पताल लगायतका संरचनाहरुका निर्माणलाई प्राथमिकता दिइने छ ।

१२५. यस नगरपालिका अन्तर्गत रहेका संघ, प्रदेश सरकार मातहतका पृथ्वी राजमार्ग, बुद्धसिं मार्ग, व्यास मार्गका सडक क्षेत्रलाई अतिकमणबाट रोक्न नगरपालिका प्रतिबद्ध रही सम्बन्धित निकायसँग सहकार्य गरिने छ ।

१२६. तनहुँ, लमजुङ, कास्की भएर बग्ने सेती, मादी नदी उपत्यकामा रहेका व्यास मार्ग र बुद्धसिं मार्ग यस क्षेत्रका नागरिकहरुको जीवन रेखा भई गण्डकी र बागमती प्रदेश जोडिने महत्वपूर्ण मार्ग हुँदै उक्त मार्गहरुलाई **"व्यास-बुद्धसिं मार्ग"** नामाकरण गरी संघ सरकार अन्तर्गत निर्माण एवं विस्तार योजनालाई पूर्णता दिन आवश्यक पहल गरिने छ ।

## (ट) सूचना र सञ्चार क्षेत्र :

१२७. नगरपालिकाको सेवा प्रवाहलाई थप गुणस्तरीय बनाउन र छिटो छरितो रुपमा सेवा प्रवाह गर्न नगरपालिकाको सबै वडाहरुलाई प्रविधिमैत्री गराउँदै नियमित सेवालाई अझ प्रभावकारी, भरपर्दो एवं विश्वसनीय बनाइने छ ।

१२८. संघीय सरकारको सहयोगमा नगरपालिका भित्रका वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरुमा निशुल्क इन्टरनेट सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

१२९. कानुन बमोजिम एफ.एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजीको व्यवस्था गरिने छ ।

१३०. व्यास नगरपालिकामा नगरवासीका समस्या तथा गुनासो सुन्ने २४ घण्टा नै खुल्ला रहने गरी Call Center को व्यवस्था गरिने छ ।

१३१. स्थानीय स्तरमा प्रकाशन हुने पत्रपत्रिका, एफ.एम. रेडियो र टेलिभिजनहरुसँग नगरपालिकाको गतिविधि झल्कने गरी कार्यक्रम निर्माण, प्रकाशन र प्रशारण गरिने छ । साथै नगरपालिकाले प्रदान गर्ने सेवा सुविधाहरु र जानकारीमूलक सूचनाहरु मोवाइल एप मार्फत घर घरमा पुऱ्याइने छ ।

१३२. SMART City को अवधारणालाई अनुसरण गर्दै नगरपालिकाका सबै कृयाकलापहरुलाई SMART बनाउँदै लगिने छ ।

१३३. E-Governance लाई पहिलो प्राथमिकतामा राखिने छ । यस वर्षदेखि नै कुनै एक सेवालाई नागरिकले Online बाट पाउने व्यवस्था मिलाइने छ ।

१३४. सुशासनको प्रत्याभूति र विकासमा नागरिक सहभागिता सुनिश्चित गर्नेको लागि नगरपालिकाले आफ्ना गतिविधिहरुका सन्दर्भमा कम्तिमा ३ पटक सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाइने छ भने नगरपालिका मार्फत टोल र उपभोक्ता समिति मार्फत गरिने सबै योजनाहरुको सार्वजनिक समीक्षा तथा सार्वजनिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाइने छ ।

१३५. नगर क्षेत्र भित्रका सञ्चार माध्यम र सञ्चारकर्मीहरुको हकहितका लागि पत्रकार महासंघ तनहुँको सहकार्यमा निम्नानुसारका कल्याणकारी कार्यक्रमलाई निरन्तरता दिइने छ :
   (क) नगर भित्रका सञ्चार माध्यमहरुको वर्गीकरण गरी कल्याणकारी विज्ञापन उपलब्ध गराइने ।
   (ख) पत्रकारहरुको वृत्ति विकास गर्न पत्रकारितामा उच्च शिक्षा अध्ययन छात्रवृत्ति सहयोग उपलब्ध गराइने ।
   (ग) नगरपालिकाको आर्थिक तथा पूर्वाधार विकास सम्बन्धी विषयमा समाचार सङ्कलन, रिपोटिङ्ग सम्बन्धी विशिष्ट तालिम सञ्चालन गर्न सहयोग पुऱ्याइने छ । हरेक वर्ष नगरपालिकाको समाचार प्रकाशनमा विशेष योगदान दिने १ जना पत्रकारलाई पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिइने छ ।

१३६. यस नगरपालिका अन्तर्गत अपाङ्गतामैत्री, बालमैत्री र लैङ्गिकमैत्री सञ्चार अभियानलाई थप प्रभावकारी बनाइने छ ।

## (ठ) न्याय तथा मध्यस्थता :

१३७. असहाय, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं बालबालिकाहरुको न्यायिक प्रकृयालाई निशुल्क सेवा प्रदान गरिने छ ।

१३८. संविधान र स्थानीय सरकार सञ्चालन ऐनले प्रत्याभूत गरेको न्यायिक समिति र मेल मिलाप विधिलाई अझ स्तरीय, विश्वसनीय र प्रभावकारी बनाइने छ ।

१३९. न्यायिक समितिका पदाधिकारी सदस्यहरु र मध्यस्थकर्ताहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु ल्याइने छ । साथै हरेक वडाहरुमा मध्यस्थता विधिद्वारा मेल मिलाप गराई न्यायिक विश्वास र सुरक्षाको अनुभूति दिलाउन मेलमिलाप केन्द्रलाई क्रमशः थप व्यवस्थित गराउँदै लगिने छ ।

**(ड) <u>महिला क्षमता विकास</u> :**

१४०. महिलाहरुद्वारा सञ्चालित सहकारीहरुलाई व्यवस्थित गर्ने कार्यमा सहजीकरण गरिने छ ।

१४१. **"समृद्ध व्यासको आधार, आत्म निर्भर छोरीहरुको विस्तार"** अभियानमा छोरीको २० वर्ष पुगेपछि मात्र विवाह गर्ने दलित, आदिवासी जनजाति दुरा, बोटे, दराई, कुमाल, चेपाङको बुबा आमालाई सम्मान गर्दै त्यस्ता छोरीको अध्ययनमा सहयोग गरिने छ र २० वर्ष पुगेपछि मात्र विवाह गर्न प्रचार प्रसार एवं अभिमुखीकरण गरिने छ । हाल नगर भित्र भएका विवाहको उमेर र अवस्थाको बारेमा अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरिने छ ।

१४२. **"लैङ्गिक भेदभाव मुक्त व्यास नगर"** बनाउन छोरी मात्र पाएर स्थायी बन्ध्याकरण गर्ने दम्पतिलाई छोरी २० वर्ष नपुग्दासम्म नगरपालिकाबाट लगाइने सम्पत्ति कर लगायतका सबै करमा २० प्रतिशत छुट दिइने छ ।

१४३. नगरपालिका भित्र स्थायी बसोबास गर्ने गरेका विपन्न वेरोजगार महिलाहरुलाई उद्यमशीलता विकासका लागि अनुदान सहयोग प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।

१४४. व्यास नगरपालिकामा स्वास्थ्य संकटमा रहेका विपन्न महिलाहरुलाई आर्थिक सहयोग प्रदान गरी जीवन रक्षामा सहयोग पुऱ्याइने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१४५. सबै शैक्षिक संस्थामा लैङ्गिकमैत्री शौचालय निर्माण तथा निशुल्क र प्लाष्टिक मुक्त गुणस्तरीय सेनीटरी प्याड वितरणलाई प्रभावकारी बनाउन किशोरीहरुलाई आत्म सुरक्षा तालिम सहित किशोर किशोरीहरुको नेतृत्व विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१४६. **"महिलासँग उपप्रमुख कार्यक्रम"** अन्तर्गत गर्भवती महिलाहरुको पोषण कार्यक्रमलाई स्वास्थ्य परीक्षण र स्वास्थ्य संस्थामा सुत्केरी हुने अवस्थासँग जोडी सहयोग उपलब्ध गराइने छ ।

१४७. व्यास नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष सञ्चालन गरिने छ र हिंसामा परेका महिलाहरुलाई कानुनी उपचारका लागि सहयोग एवं उनीहरुको सुरक्षा र संरक्षणको व्यवस्था मिलाइने छ ।

१४८. उच्च शिक्षा अध्ययन गर्ने आर्थिक रुपमा विपन्न रहेका दलित, जनजाती, अन्य जातिका छात्राहरुलाई छात्रवृत्ति उपलब्ध गराइने व्यवस्था मिलाइने छ ।

१४९. दलित, सिमान्तकृत लोपोन्मुख जाति एवं मुस्लिम समुदायका महिलाहरुलाई नेतृत्व विकास एवं सिप विकासका विभिन्न कार्यक्रम मार्फत सशक्तिकरण गरिने छ ।

१५०. व्यास नगरपालिकाका महिला जनप्रतिनिधिहरुको नेतृत्व र क्षमता विकास गर्नका लागि प्रशिक्षण, अवलोकन भ्रमण, अनुसन्धानात्मक गतिविधिहरु सञ्चालन गर्ने र अनुभव आदान प्रदान गर्ने कार्यक्रम ल्याइने छ ।

**(ढ) <u>जनजाति सहयोग कार्यक्रम</u> :**

१५१. आदिवासी जनजातिहरुको भाषा तथा संस्कृतिको अध्ययन गर्न चाहने स्वतन्त्र अध्येता तथा अनुसन्धानकर्तालाई प्रस्तावनाका आधारमा सहयोग उपलब्ध गराइने छ । यस विषयमा शोध गर्न चाहने स्नातकोत्तर अध्ययनरत आदिवासी जनजातिका विद्यार्थीहरुलाई अध्ययन सहयोग उपलब्ध गराइने छ ।

१५२. व्यास नगरपालिका भित्र बसोबास गर्ने सबै जात जनजातिहरुको अवस्था अध्ययन गरी मौलिक संस्कृतिलाई संरक्षण गरी लोपोन्मुख जाति, जनजाति, मुस्लिम र अन्य जातका साँस्कृतिक एवं जीवन उपयोगी सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुऱ्याइने छ । साथै सबै जातका जनजातिहरुको मौलिकता झल्कने गरी संग्रहालय निर्माणमा सहयोग पुऱ्याइने छ ।

१५३. लोपोन्मुख र अति सिमान्तकृत आदिवासी जनजाति समुदायको लागी निशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सुरक्षाको प्रत्याभूति गरिने छ । साथै उच्च शिक्षा प्रदान गर्न सहयोग पुऱ्याइने छ ।

१५४. आदिवासीहरुको परम्परागत पेशासँग सम्बन्धित व्यास नगरपालिका भित्रका नदी, खोलाहरुमा माछा वृद्धि गरिने छ र माछा मार्ने परम्परागत पेशा संकटमा परे पश्चात् दैनिक छाक टार्न समस्यामा परेका बोटे जातिका व्यक्तिहरुलाई विशेष सहयोग कार्यक्रम ल्याइने छ ।

१५५. दलित, जनजाति लगायत सबै जातिय पहिचानका सिफारिस दिनु पर्दा सबै वडाहरुबाट निशुल्क सिफारिस उपलब्ध गराइने व्यवस्था मिलाइने छ ।

**(ण) दलित उत्थान कार्यक्रम :**

१५६. समग्र दलितहरुको हक अधिकार सुरक्षित, परस्पर सद्भाव विकसित गर्न कानुनी व्यवस्थालाई कार्यान्वयन गर्न नगर प्रमुखको अध्यक्षतामा गठित **"व्यास नगर दलित समन्वय समिति"** मार्फत नगरलाई **"जातिय भेदभाव मुक्त"** नगरपालिका बनाउन आवश्यक सबै व्यवस्था मिलाइने छ ।

१५७. दलितका परम्परागत पेशालाई आधुनिकीकरण गरी उत्पादकत्व वृद्धिका लागि परम्परागत आरनहरुको आधुनीकीकरण, पञ्चै बाजा, नौमति बाजा र सिलाई पेशामा आवद्ध व्यक्तिहरुलाई तालिम एवं मेशिन खरिद अनुदान, छालाको काम गर्नेलाई मेशिन खरिद अनुदान तथा अन्य परम्परागत पेशामा अनुदान दिने व्यवस्था मिलाइने छ ।

१५८. नेपालको संविधान र कानुनी प्रावधान अनुरुप समाजमा हार्दिकता र सद्भावका लागि छुवाछुत र विभेदजन्य कुसंस्कारको अन्त गरी छुवाछुत मुक्त नगरपालिका स्थापित गरिने छ ।

**(त) अपाङ्गता सहयोग कार्यक्रम :**

१५९. विशेष क्षमताका बालबालिकाहरु अध्यापन गराउने विद्यालयहरु र सार्वजनिक संरचनाहरु अपाङ्गतामैत्री बनाउन सहयोग पुऱ्याइने छ ।

१६०. व्यास नगरपालिका भित्र बसोबास गर्ने दृष्टिविहिन, बहिरा, सुस्त, मनोसामाजिक अपाङ्गताहरुलाई जीवन यापनमा सहजीकरण एवं स्वास्थ्य क्षेत्रमा सहयोग पुऱ्याइने छ ।

१६१. अपाङ्गता भएका व्यक्तिहरुको सम्मानजनक क्षमता विकास एवं अध्ययन अनुसन्धानमा सहयोग पुऱ्याइने छ ।

१६२. व्यास नगरपालिका भित्रका अपाङ्गताहरुको तथ्याङ्कलाई अध्यावधिक गरी उनीहरुको विशेषता अनुसार सहयोग गर्न गराउन अपाङ्गता श्रोत केन्द्र लगायत अन्य संस्थाहरुसँग सहकार्य गरिने छ ।

१६३. नेपाल सरकार, प्रदेश सरकारबाट सहयोग उपलब्ध हुन नसकेका (ग) वर्गका अपाङ्गताहरुलाई आर्थिक सहयोग वा स्वास्थ्य बिमाको व्यवस्था मिलाइने छ ।

१६४. व्यास नगरपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई अपाङ्गता समावेशी विकास, अपाङ्गता सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति, कानुन र प्रतिवद्धता बारे अभिमुखीकरण प्रशिक्षण प्रदान गरिने छ ।

१६५. अपाङ्गतामैत्री सूचकहरु तयार गरी व्यास नगरपालिकालाई अपाङ्गतामैत्री स्थानीय तह घोषणा गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

१६६. व्यास नगर अपाङ्गता समन्वय समितिको क्षमता विकास गरी अपाङ्गता सहायता कक्ष स्थापना गरिने छ । साथै अपाङ्गता परिचय पत्र वितरण, घुम्ती शिविर सञ्चालन गरिने छ ।

१६७. अपाङ्गता क्षेत्रको सेवा विस्तारका लागि आगामी वर्ष न्यूनतम एक जना नगरपालिकामा दोभाषेको व्यवस्था मिलाइने छ ।

**(थ) जेष्ठ नागरिक सम्मान :**

१६८. जेष्ठ नागरिकहरुको निशुल्क एवं घरदैलो मै स्वास्थ्य सेवा एवं सम्मानका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

१६९. व्यास नगरपालिका भित्रका जेष्ठ नागरिकहरुको तथ्याङ्क अध्यावधिक गरी उचित सम्मान र स्याहारको व्यवस्था मिलाइने छ ।

१७०. नगरपालिकामा दिवाकालीन जेष्ठ नागरिक मनोरञ्जन, अन्तरक्रिया, अनुसन्धानका विभिन्न कार्यक्रमहरुमा सहयोग पुऱ्याइने छ ।

१७१. जेष्ठ नागरिक अपाङ्गता, एकल महिला, दलितहरुलाई प्राप्त हुने सामाजिक सुरक्षा भत्ता नवीकरण गर्दा राष्ट्रिय परिचय पत्र नम्बर अनिवार्य संलग्न गरी बायोम्याट्रिक प्रणालीमा भेरिफिकेसन गराई मात्र नवीकरण गर्ने व्यवस्था मिलाइने छ ।

१७२. असहाय एवं परिवारबाट हेला भई जीवन गुजारा गर्न कठिन जेष्ठ नागरिकहरुको सम्मान र संरक्षणका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

**(द) <u>सुरक्षित वैदेशिक रोजगार व्यवस्थापन</u> :**

१७३. वैदेशिक रोजगार सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउन थप पहल गरिने छ । त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रमलाई थप व्यवस्थित गरिने छ । व्यास नगरपालिकाका बासिन्दालाई विदेशमा काम लाग्ने खालको सिप तालिम लिएर मात्रै वैदेशिक रोजगारीमा जाने व्यवस्थाका लागि प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरिने छ ।

१७४. वैदेशिक रोजगारीमा जान लागेकाहरुलाई विदेश जाने क्रममा प्रयोग भएका कागजातहरुको प्रतिलिपिहरु एक प्रति कागजात घरमै छाड्न र गैसकेकाहरुलाई विदेशबाट पठाउन प्रोत्साहन गर्ने नीति लिइने छ । जसले गर्दा कुनै समस्या परेमा उद्दार, राहत तथा समन्वयमा सहजता हुनेछ ।

१७५. वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सिप पूँजी र प्रविधिको उच्चतम प्रयोग गरी नगरपालिकाको आर्थिक बृद्धिमा टेवा पुऱ्याइनेछ । त्यसका लागि आवश्यक कार्यक्रम तथा नीतिको व्यवस्था गरी पुन एकीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

१७६. वैदेशिक रोजगारीमा गएका व्यक्ति तथा उनीहरुको परिवारका सदस्यहरुमा देखापर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि व्यक्तिगत र सामुहिक मनोपरामर्श सेवाका कार्यक्रम सञ्चालन गरिने छ ।

१७७. विद्यालय तहबाट नै मानसिक स्वास्थ्य सचेतनाका क्रियाकलापहरु सञ्चालन गरिने छ ।

१७८. वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको उपयोगका लागि वित्तीय साक्षरता कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ । वित्तीय साक्षरता सम्बन्धी ज्ञान बृद्धि तथा सचेतना सम्बन्धी एकीकृत कार्यक्रम सञ्चालनको लागि वित्तीय साक्षरता रणनीतिक योजना तयार गरिने छ ।

१७९. सुरक्षित वैदेशिक रोजगार सम्बन्धी चेतनामूलक होर्डिङ बोर्डहरु विभिन्न स्थानमा राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१८०. स्थानीय तहबाट नै श्रम स्वीकृतिको प्रक्रियालाई अझै प्रभावकारी र सेवाग्राहीमैत्री बनाइने छ ।

१८१. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको निशुल्क सिप परीक्षणको लागि सरोकारवाला निकायहरुसँग समन्वय गरिने छ ।

**(ध) <u>सुशासन र दक्ष जनशक्ति</u> :**

१८२. नगरपालिकाका सम्पूर्ण शाखाहरुमा सफ्टवयर जडान गरी Paperless/Cashless/Faceless नगरपालिका बनाउने नीति अवलम्बन गरिने छ ।

१८३. व्यास नगरपालिकाले प्रदान गर्ने सेवा सुविधालाई प्रभावकारी बनाउन नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भे (O & M Survey) प्रतिवेदनलाई समयानुकुल परिमार्जन गरी कार्यान्वयन गरिने छ ।

१८४. नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको कार्यान्वयनका लागि समय सिमा सहितको नागरिक वडापत्रलाई समयानुकुल परिमार्जन गरी कार्यान्वयनमा ल्याइने छ ।

१८५. Smart City को लागि Smart Management, Smart Management को लागि Smart प्रविधिमैत्री, व्यवसायिक कर्मचारीको आवश्यक पर्ने हुँदा सबै तहका कर्मचारीहरुको लागि क्षमता विकासको कार्यक्रम सञ्चालन गरिने छ ।

१८६. व्यास नगरपालिकाले सबै वडाहरुमा विभिन्न सेवाका घुम्ती शिविर सञ्चालन गरिने छ ।

१८७. नगरपालिकाले प्रदान गर्ने सेवा सुविधालाई गुणस्तरीय र प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण एवं निर्वाचित जनप्रतिनिधिहरुसँग सम्वाद जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१८८. सबै टोल विकास संस्था, युवा क्लब लगायतका सामाजिक संघ संस्थाहरुको क्षमता विकासमा विविध कार्यक्रमहरु लागू गरिने छ ।

१८९. सम्पूर्ण विकास अभियानलाई लैङ्गिक समानता र समावेशी सामाजिकीकरणका आधारमा अघि बढाइने छ । साथै समुदायमा आधारित वित्तीय तथा स्वास्थ्य साक्षरता कार्यक्रम सञ्चालन गरिने छ ।

१९०. व्यास नगरपालिकाले आन्तरिक सडकहरुमा सञ्चालन अनुमति दिएका ट्याम्पु, इ-रिक्सा, यान्त्रिक लगायतलाई दर्ता, नवीकरणको प्रभावकारी व्यवस्थापन गरी रुट निर्धारण र भाडा दरमा एकरुपता कायम गर्न आवश्यक कदम चालिने छ ।

१९१. व्यास नगरपालिका वडा नं.१२, १३, १४ अन्तर्गत छाब्दीमा वडा सम्पर्क कार्यालय स्थापना गरी त्यस क्षेत्रका नगरवासीलाई घरदैलोबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

**(न) <u>विविध</u> :**

१९२. नगरपालिकामा व्यवसाय दर्ता गर्न आउनेहरुलाई उद्योग वाणिज्य संघ र टोल विकास संस्थाको सिफारिसमा व्यवसाय दर्ता गर्ने नीति लिइने छ । साथै व्यास नगरपालिकामा दर्ता वा सूचीकृत भएका व्यवसायीलाई मात्र अनुदान दिने व्यवस्था मिलाइने छ ।

१९३. उद्योग वाणिज्य संघ र टोल विकास संस्थासँग समन्वय गरी व्यवसाय कर, घर बहाल कर आदि उठाइने छ र त्यसरी उठेको करबाट नगर गाउँको सुरक्षा, सौन्दर्यता एवं सामाजिक कार्यमा खर्च गरिने छ ।

१९४. नगरपालिका भित्रका कृयाशील टोल विकास संस्थाहरुलाई सहभागितात्मक विकास अभियानमा सरिक गराई उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थाहरु मध्येबाट उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१९५. सबै धर्म र सम्प्रदायका व्यक्तिहरुले मृत्युपछि आ-आफ्नो धार्मिक परम्परा एवं आस्था अनुसार अपनाइने अन्तिम संस्कारको लागि बिना भेदभाव आवश्यक व्यवस्था मिलाइने छ ।

१९६. व्यास नगरपालिका क्षेत्रभित्र व्यवस्थित पार्किङको व्यवस्था मिलाइने छ । विद्यालय समयमा विद्यार्थीहरुको आवत जावतलाई सरलीकृत गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

१९७. शहरी वडाहरुमा भएका नालाहरुबाट आएको पानीलाई सुद्धीकरण प्लान्ट स्थापना गर्नका लागि अध्ययन पुरा गरिने छ ।

१९८. व्यास नगरपालिका भित्रका शवदाह स्थलहरुलाई स्तरीकरण गर्ने व्यवस्था मिलाइने छ ।

१९९. उपभोक्ता हित र संरक्षणका लागि उपभोग्य वस्तुहरुमा गुणस्तर कायम गर्ने, बजार मूल्यमा एक रुपता ल्याउने र अस्वभाविक मूल्यलाई नियन्त्रण गर्ने जस्ता कार्यलाई सरोकारवाला संस्थासँग मिलेर बजार अनुगमन एवं नियमन कार्यलाई प्रभावकारी ढंगले अगाडि बढाइने छ ।

२००. सहकारी संघ/संस्थाहरुको भौतिक क्षमता विकास नियमन प्रवर्द्धनमा संलग्न कर्मचारीहरु, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सहकारी सदस्यहरुको तालिम, गोष्ठी, शिक्षा अनुभव आदान प्रदान लगायत क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२०१. सडक आश्रित, अभिभावक विहिन, हिंसा दूर्व्यवहार, शोषण (शारिरीक, मानसिक, यौन र श्रम शोषण) वेचविखन, बाल विवाह, मानसिक समस्या लगायतका कारणबाट जोखिम अवस्थामा रहेका बालबालिकाको उचित संरक्षण, पुनर्स्थापना, विकास, सिप शिक्षा र परिवारको जीविकोपार्जनलाई सम्बोधन गर्ने विशेष योजना कार्यक्रम ल्याइने छ ।

२०२. लागू पदार्थ दूर्व्यसनी, लैङ्गिक हिंसा, जाती, भाषा, धर्म र लिङ्गका आधारमा हुने सबै प्रकारका हिंसा र विभेद विरुद्ध सचेतना अभियान सञ्चालन गरिने छ ।

२०३. विकासको मुख्य आधार आर्थिक स्रोत भएको हुँदा यस नगरपालिकाले कानुन बमोजिम उठाउने करको दर र दायरालाई पुनसंरचना गर्दै आत्म निर्भर नगरपालिका नागरिकमैत्री नगरपालिका निर्माणमा जोड दिइने छ ।

२०४. सबै प्रकारका घर बहाल कर उठाउने कार्यलाई प्रभावकारी रुपमा अघि बढाइने छ । व्यवसाय कर सङ्कलनको लागि उद्योग वाणिज्य संघ र घर बहाल कर सङ्कलनका लागि वडा र टोल विकास संस्थासँग सहकार्य गरिने छ । साथै सबैभन्दा बढी घर बहाल कर तिर्ने करदाताहरुलाई सम्मानित गरिने छ ।

२०५. योगदानमा आधारित श्रमिकहरुको सामाजिक सुरक्षा कोष स्थापना गरी श्रमिक सम्मान र सहयोगको कार्यक्रम ल्याइने छ ।

२०६. व्यास नगर भित्रका महिला, बालबालिका, दलित, जोखिममा परेका अल्पसंख्यक, पछाडि पारिएका वर्ग समुदायको सार्वजनिक सेवा तथा सुविधा माथिको पहुँच अभिबृद्धि गर्न मानव अधिकार तथा सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

२०७. सडक पेटी एवं सार्वजनिक स्थलहरुमा सहयोगापेक्ष भई कष्टपूर्ण जीवन जीउनुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गरी सडक मानव मुक्त नगरपालिका निर्माण गर्न मानव सेवा आश्रमसँग सहकार्य गरिने छ ।

२०८. व्यास नगरपालिकामा विगत लामो समयदेखि बाँकी रहेको बेरुजु फछ्र्याट कार्यलाई तदारुकता दिई बेरुजु शुन्य नगरपालिका बनाउन आवश्यक पहल गरिने छ ।

**आदरणीय नगर सभा सदस्यज्यूहरु,**

नीति तथा कार्यक्रमहरु आफैंमा निर्जिव प्रतिबद्धताहरु हुन् । यसको प्रभावकारी कार्यान्वयनबाट मात्र यसले जीवन पाउँछ । रोजगारी सृजना गर्दै गरिबी निवारण मार्फत आर्थिक विकास गर्नु एउटा पक्ष हो भने सुशासन, समता र मानवीय विकास मार्फत सामाजिक विकास गर्नु अर्को पक्ष हो । साथै अत्याधुनिक भौतिक पूर्वाधार निर्माण गर्नु पनि Modern and Smart City निर्माणको एउटा आधार स्तम्भ हो । अतः आर्थिक, सामाजिक र भौतिक रुपमा समन्वय गर्दै दीर्घकालीन विकास गर्नु नै आज हामी सबैको समृद्धीको सपना हो । तब मात्रै **"विविधता युक्त गाउँ शहर समृद्ध मेरो व्यास नगर"** बनाउने हाम्रो सपना पुरा हुनेछ र संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास हुनेछ ।

अन्त्यमा, यस नीति तथा कार्यक्रमको सफल र प्रभावकारी कार्यान्वयन गर्न सम्पूर्ण नगर सभा सदस्यज्यूहरुबाट सक्रिय साथ र सहयोगको अपेक्षा गरेको छु । नगरमा क्रियाशील राजनैतिक दलहरुबाट सृजनात्मक पृष्ठपोषणको अपेक्षा गरेको छु । कर्मचारी मित्रहरुबाट प्रशासनिक प्रतिवद्धता र व्यवसायिकताको अपेक्षा गरेको छु । सञ्चार माध्यम र नागरिक समाजबाट सक्रिय खबरदारीको अपेक्षा गरेको छु । करदाताहरुबाट इमानदारीताको अपेक्षा गरेको छु । संघ र प्रदेश सरकारबाट सदा झै साथ, सहयोग र अभिवावकत्वको अपेक्षा गरेको छु ।

धन्यवाद !

वैकुण्ठ न्यौपाने
नगर प्रमुख
२०८१।३।१०